# निजगढ नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## निजगढ, बारा
## प्रदेश नं. २, नेपाल

**निजगढ नगरपालिका क्षेत्रभित्र् तपसिल बमोजिमका स्थानमा आ.व. २०७७/०७८ मा जफत गरिएको नदीजन्य पदार्थ (ढुङ्गा) को लिलाम बढाबढ सम्बन्धी सीलबन्दी दरभाउ पत्र आह्वानको सूचना**

**(प्रथम पटक प्रकाशित मितिः २०७७/६/१०गते)**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११(२) को देहाय खण्ड घ(६)को व्यवस्था र नेपाल सरकारद्वारा स्वीकृत ढुंगा, गिट्टी, बालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७को दफा ७ को उपदफा ५ बमोजिम यस निजगढ नगरपालिकाको क्षेत्राधिकार भित्र पर्नेबकैया खोलाबाट उत्खनन् तथा निकासी बिक्री गर्न नदीजन्य पदार्थ (ढुंगा)को शुल्क निजगढ नगरपालिकाको आर्थिक ऐनमा तोकिएको दररेटमा निम्न आय शीर्षकमा आ.ब. २०७७/७८ को लागि बढाबढको माध्यमबाट ठेक्का बन्दोवस्त गरिएकोमा निजगढ नगरपालिका, नगरकार्यपालिकाको निर्णय र कायदिश बमोजिम जफत गरी राखेको देहाय बमोजिमको अवस्थाको नदीजन्य पदार्थ(ढुंगा) लिलाम बढाबढ गर्ने निजगढ नगरपालिकाको निर्णय भएकोलेइच्छुकफर्मवा कम्पनीहरुबाट आफ्नो फर्मको अद्यावधिक नवीकरण भएको प्रमाणपत्र, मूल्य अभिवृद्धि कर, दर्ता प्रमाण पत्र तथा कर चुक्ताको प्रमाणित प्रतिलिपिहरु साथै उक्त कार्य गर्न योग्य भएको स्व–घोषणापत्र पेश गरी निम्न शर्तहरुका अधीनमा रही सीलवन्दी दरभाउ पत्र आव्हानगरिएको छ । यो सूचना यस कार्यालयको www.nijgadhmun.gov.npमा पनि हेर्न सकिनेछ ।

<u>शर्तहरुः</u>

१. सीलबन्दी दरभाउ पत्र फारम प्रथम पटक सूचना प्रकाशन भएको मितिले १५ औं दिनभित्र यस कार्यालयको राजश्व शाखाबाट रु. १०००।- (अक्षरेपी एक हजारमात्र ) पछि फिर्ता नहुने गरी खरिद गरी प्राप्त गर्न सकिनेछ।

२. रीतपूर्वक भरिएको सिलबन्दी दरभाउ पत्र फारम प्रथम पटक सूचना प्रकाशित भएको मितिले १६ औं दिनको १२:०० बजेसम्ममा यस कार्यालयमा दर्ता गरी सक्नु पर्नेछ। दर्ता भएको दरभाउ पत्र सोही दिनको २:०० बजे यस कार्यालयमा दरभाउ पत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ। दरभाउ पत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि सीलबन्दी दरभाउ पत्र खोल्न कुनै बाधा पर्ने छैन। दरभाउ पत्र खरिद गर्ने र बुझाउने दिन सार्वजनिक विदा पर्न गएमा सोको भोलि पल्ट सो कार्यहरु गरिनेछ।

३. खरीद गरेको सीलवन्दी दरभाउ पत्र फाराम नेपाली नागरिक भए आफूले कबोल गरेको ठेक्का अंकको ५% र विदेशी नागरिक भए १०%ले हुनु आउने रकम धरौटी वापत नगदै श्री कृषि विकास बैक, निजगढमारहेको यस कार्यालयको धरौटी खाता नं. ०१०७६००६७६०५००२६ मा दाखिला गरेको सक्कलै बैंक भौचर वा कम्तिमा १५० दिन म्याद भएकोराष्ट्रिय मान्यता प्राप्त वाणिज्य बैंककोजमानीपत्र (विड वण्ड) संलग्न गरी रीतपूर्वक सहीछाप तथा सीलबन्दी गरी

दरभाउ पत्रदाता आफै वा निजको प्रतिनिधि मार्फत् यस कार्यालयमादाखिला गर्न सकिनेछ । धरौटी वापतको रकम नगद संलग्न गरेको भए फिर्ता दिइने छैन।

४. दरभाउ पत्रदाताले पेश गरेको दरभाउ पत्र फिर्ता वा संसोधन गर्न चाहेमा दर्ता गर्ने अन्तिम समय समाप्त हुनु भन्दा चौबिस घण्टा अगाडि फिर्ता वा संसोधन गर्न सकिनेछ।

५. दरभाउ पत्र फाराम भर्दा सीलबन्दी खामको बाहिर दरभाउ पत्रदाताको नाम, ठेगाना, कामको विवरण, ठेक्का नं. आदि स्पष्ट रुपमा खुलाउनु पर्नेछ। आफूले कबोल गरेको रकम अंक र अक्षर दुवैमा स्पष्ट हुने गरी उल्लेख भएको हुनु पर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ। टिपेक्स लगाएको दरभाउ पत्रलाई मान्यता दिइने छैन।

६. दरभाउ पत्र स्वीकृत भएपछि सूचना पाएको वा घरदैलोमा टाँस भएको मितिले ७ (सात) दिन भित्र नियमानुसार आयकर/मू.अ.कर दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि साथै लिई सम्झौता गर्न यस कार्यालयमा आउनु पर्नेछ । सो अवधि भित्र सम्झौता गरी पट्टा नउठाएमा धरौटी रकम जफत गरिनेछ र दोश्रो दरभाउ पत्रदाताको दरभाउ पत्र स्वीकृत गर्ने वा नगर्ने वा पुनः दरभाउ पत्र आह्वान गर्ने वा नगर्ने अधिकार नियमानुसार यस कार्यालयमा सुरक्षित रहने छ।

७. सम्झौताको समयमा ठेक्कामा उल्लेख भए अनुसारको सम्पूर्ण रकम उत्खनन् र निकासी कर (मु.अ.क. समेत) एकमुष्ट भुक्तानी गर्नुपर्नेछ।

८. बन्द, हडताल, चक्काजाम लगायत अन्य मानव सृजित कारणबाट उत्पन्न कुनै पनि परिस्थितिवा अवस्थाको कारण कर छुट वा मिनाहा दिन नसकिने हुँदा कबोल अंकमा कुनै किसिमको छुट वा मिनाहा दिइने छैन। साथै, कर छुट वा मिनाहा माग गर्न पाइने छैन।

९. कुनै कारण जनाई वा नजनाई ठेक्का स्वीकृत गर्ने, आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने तथा अन्य व्यवस्था गर्ने सम्पूर्ण अधिकार यस नगरपालिकामा सुरक्षित हुनेछ। दरभाउ पत्र पेश गर्दा दरभाउ पत्रदाताको तर्फबाट कुनै किसिमको शर्त मान्य हुनेछैन। शर्त सहितको दरभाउ पत्रलाई बदर मानिनेछ। साथै रीत नपुगी वा म्याद नाघी आएको दरभाउ पत्र उपर कुनै कारवाही हुनेछैन।

१०. नेपाल सरकार, सम्मानित अदालत, नगरपालिकाको नीति, निर्देशन तथा आदेशको पालना गर्नु, गराउनु र लागू गर्नु ठेकेदारको कर्तव्य एवं दायित्व हुनेछ। नीति निर्देशन वा अदालतको आदेशको पालनाको कारणबाट कुनै क्षति हानि नोक्सानी हुन गएमा सोको क्षतिपूर्तिको दावी ठेकेदारले नगरपालिकासँग गर्न पाउने छैन।

११. नदीजन्य पदार्थको सन्दर्भमा प्रदेश अनुगमन समिति एवं नदीजन्य तथा खानीजन्य पदार्थजिल्ला अनुगमन समिति, बारा र यसनगरपालिकाबाट निर्देशन भए बमोजिम हुनेछ।

१२. यस सूचनामा उल्लेख भएका कुराहरुमा सोही बमोजिम र यसमा उल्लेख नभएका विषयहरुको हकमा सार्वजनिक खरीद ऐन, २०६३ र सार्वजनिक खरीद नियमावली, २०६४तथा अन्य प्रचलित कानून बमोजिम हुनेछ।

१३. दरभाउ पत्र सम्बन्धी दररेट, अन्य शर्त तथा विस्तृत जानकारीको लागि कार्यालयको सूचना पाटीमा हेर्नु हुन वा कार्यालय समयभित्र यस कार्यालयको राजश्व शाखामा सम्पर्क राख्नु हुन सम्बन्धित सबैलाई जानकारी गराइन्छ। साथै, कुन कुन मालवस्तुमा के कति दरमा कर, शुल्क लिन पाउने भन्ने बारेको विस्तृत विवरण दरभाउ पत्र फाराम साथ संलग्न गरिएको छ।

१४. लिलाम बढाबढबाट प्राप्त नदीजन्य पदार्थको परिमाण तथा बिक्रीको अभिलेख ठेकेदारले राख्नु पर्नेछ। प्रदेश अनुगमन समिति एवं नदीजन्य तथा खानीजन्य पदार्थ जिल्ला अनुगमन समिति, बारा तथा यस नगरपालीकाबाट अनुगमन गर्दा ठेक्का सकारेको परिमाण र बिक्री अभिलेख प्रस्तुत गर्नुपर्नेछ।

...न कुमार कार्की
प्रमुख प्रशासकीय अधिकृत

१५. घाटगद्दी गरेको नदीजन्य पदार्थको अवस्था हेर्न चाहेमा कार्यालय समयमा निजगढ नगरपालिकामा सम्पर्क गर्न सकिनेछ।

निजगढ नगरपालिका नगर कार्यपालिकाको कार्यालय निजगढ, बारा २०७३ प्रदेश नं. २

तपसील:

| ठेक्का नं. | ठेक्का किसिम | प्रतिवेदन र स्टकको परिमाण (घ.मी.) | न्यूनतम ठेक्का अंक (मु.अ. कर बाहेक) | कैफियत |
|---|---|---|---|---|
| २/०७७/०७८ | ठूलोदमार चौर धन्सार खोलाको पश्चिम तटमा (ब्लक क) - वडा नं. १ | ६३७.५ | १,५७,४३७। | |
| ३/०७७/०७८ | ठूलोदमार चौरको उत्तर गुम्बा आउने बाटो (ब्लक ख) -वडा नं. १ | ४०१ | ९९,०३१। | |
| ४/०७७/०७८ | अमिर लालको ड्यामदेखि उत्तर जाने बाटो नजिक (ब्लक ग)-वडा नं. १ | १३८ | ३४,०८०।४८ | |
| ५/०७७/०७८ | अविनाश क्रसरभन्दा उत्तर बकैया नदीको ड्यामभन्दा पूर्व झर्ने बाटोदेखी दक्षिण विभिन्न ठाउँमा थुपारेर राखिएको- वडा नं. ४(ब्लक क) | ७११० | १७,५५,८८५।६० | |
| ६/०७७/०७८ | अविनाश क्रसरभन्दा उत्तर बकैया नदीको ड्याम भन्दा पूर्व झर्ने बाटोदेखि उत्तर पट्टी काँसघारीमा थुपारेर राखिएको तथा ड्याम माथी राखिएको ढुङ्गा- वडा नं. ४(ब्लक ख) | १११६.४३ | २,७५,७१३।५५ | |
| ७/०७७/०७८ | बकैया खोलाको पूर्वीय तटमा संकलन गरी राखिएको फुटबल ग्राउण्डदेखि पश्चिम -वडा नं. ४ | ११७२.७५ | २,८९,६२२।३४ | |
| ८/०७७/०७८ | बकैया खोलाको पूर्वीय तटमा संकलन गरी राखिएकोनेपाल क्रसरदेखि पश्चिम - वडा न. ४ | १४५८.४ | ३,६०,१६६।४६ | |
| ९/०७७/०७८ | बकैया बालुवा प्रशोधन उद्योग नजिक दंगाल वासिङ्ग हुँदै रंगशाला जाने बाटोको छेउछाउमा ८ स्थानमा बेग्लाबेग्लै राखिएको - वडा नं. ९ तथा रंगशाला अगाडी तेस्रो लाईन जाने बाटो नजिक -वडा नं. ९ | ११०३.३ | २,७२,४७०।९७ | |
| १०/०७७/०७८ | च्यानालाईज गरेको ठाउँभन्दा पश्चिम काँसघारी - वडा नं. १० | ६७७.४ | १,६७,२९०।७० | |

प्रमुख प्रशासकीय अधिकृत

सुमन कुमार कार्की
प्रमुख प्रशासकीय अधिकृत